# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाइद्वारा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा जानकारी गराउने उद्देश्यले असार १२ गते Anti-Money Laundering/Combating Financing of Terrorism: Banks' Role and Challenges विषयक एक कार्यक्रम आयोजना गरियो । कार्यक्रममा गभर्नर, डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंकका विशिष्ट पदाधिकारीहरू, नेपाल बैंकर्स एसोसिएसनका पदाधिकारी तथा ३२ वटै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. युवराज खतिवडाले स्वायत्त निकाय वित्तीय जानकारी इकाईलाई नेपाल राष्ट्र बैंकले भौतिक र मानवीय साधन उपलब्ध गराएको तथा स्वयम् राष्ट्र बैंक नै वित्तीय जानकारी इकाइको निगरानीमा रहेको जानकारी गराउनु हुँदै Anti-Money laundering/Combating Financing of Terrorism का सम्बन्धमा अन्तरर्राष्ट्रिय रुपमा आबद्ध भइसकेपछि यसका नियमलाई पालना गर्नुपर्ने बताउनुभयो । यस विषयलाई हातहतियार तथा लागुपदार्थको कारोवारजस्ता विषयमा मात्र बुझ्न नहुने चर्चा गर्दै उहाँले औपचारिक माध्यमबाट कारोबार, कर तिर्नुपर्ने दायित्वको पालनाजस्ता विषय समेत यसमा पर्ने कुरा प्रकाश पार्नुभयो । बैंकले ग्राहक पहिचान (KYC) का सम्बन्धमा लागु गरेको मापदण्डमा केही व्यावहारिक कठिनाइ रहेकाले परिमार्जन गरिएको भन्नुहुँदै उहाँले एकातिर वित्तीय सेवा विस्तारका लागि धेरै ग्राहक समेट्नुपर्ने र अर्कातिर ग्राहकको कारोवार निगरानी गर्दा व्यवसायमा असर पर्ने विरोधाभाषपूर्ण स्थितिबाट अघि बढ्नुपर्ने स्थितिमाथि प्रकाश पार्नुभयो । संकास्पद कारोबार सम्बन्धमा चनाखो हुन बैंकरहरुलाई आग्रह गर्दै उहाँले नेपाल राष्ट्र बैंक जोखिम केन्द्रित सुपरिवेक्षणमा अघि बढिरहेको हुँदा यस सुपरिवेक्षणमा गहिराइ र चौडाइ दुवै पक्ष विस्तार हुने भएकाले यसलाई प्रभावकारी बनाउन गर्नुपर्ने उपाय सुझाउन आग्रह गर्नुभयो । कानुन लागु गर्दाका व्यावहारिक कठिनाइ हटाउन बैंक तयार रहेको चर्चा गर्दै उहाँले यी सबैको एक मात्र उद्देश्य वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु रहेको स्पष्ट पार्नुभयो ।

डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले मुलुकको वित्तीय क्षेत्रको विकासका लागि वचत परिचालन तथा उत्पादनशील कर्जा लगानीमा आँच आउन नहुने चर्चा गर्दै वित्तीय क्षेत्रमा जवाफदेहिता र पारदर्शिता अभिवृद्धिका लागि व्यावहारिक प्रयास गर्न बैंक तयार रहेको जानकारी दिनुभयो । डेपुटी गभर्नर महाप्रसाद अधिकारीले नेपाल FATF को कालोसूचीमा पर्नबाट जोगिएको चर्चा गर्दै ऐनको कार्यान्वयन र संस्थागत संरचना निर्माण लगायतका विषयमा अनुगमन भइरहेको जानकारी दिनुभयो । इमान्दार व्यवसायीको व्यवसाय सदैव उन्नत हुनुपर्ने बताउनुहुँदै गैरकानुनी ठूलो रकमभन्दा स्वच्छ

थोरै पैसा कारोवार गर्नु राम्रो हुने सुझाव दिनुभयो । बैंकहरुलाई अनुसन्धान गर्ने संस्था बनाउन खोजिएको होइन भन्नुहुँदै उहाँले बैंकमा कार्यरत सबै कर्मचारीलाई यस विषयमा सचेत गराउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । Anti-Money laundering/Combating Financing of Terrorism का सम्बन्धमा राष्ट्र बैंकका साथै बैंक तथा वित्तीय संस्था अझ चनाखो बन्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

नेपाल बैंकर्स संघका अध्यक्ष राजनसिंह भण्डारीले Anti-Money Laundering/Combating Financing of Terrorism सम्बन्धी ऐनहरू ल्याउनु सही कदम रहेको र यसको कार्यान्वयनमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै ऐन निर्माण गर्दा वचत प्रोत्साहन तथा उत्पादनशील क्षेत्रमा कर्जा लगानी विस्तारमा असर गर्न नहुने धारणा राख्नुभयो । इमानदारीसाथ कमाएको सम्पत्तिलाई पनि घरमै राख्नुपर्ने अवस्था आउन नहुने भन्नुहुँदै उहाँले बैंकलाई शुद्ध व्यवसायी संस्था बनाउन पर्ने तर सम्पत्ति शुद्धीकरण निवारणमा पूर्ण समर्थन रहने स्पष्ट पार्नुभयो ।

२०७० असार १२ गते, बुधवार

गभर्नरको कार्यालय

कार्यक्रममा कार्यकारी अधिकृतहरू मेगा बैंकका अनिल शाह, ग्लोबल आइएमईका रत्नराज बज्राचार्य, लुम्बिनी बैंकका शोभनदेव पन्त, सिभिल बैंकका किशोर महर्जन लगायतले Anti-Money laundering/Combating Financing of Terrorism लाई प्रभावकारी बनाउन जरिवानालाई मात्र आधार बनाउन नहुने, STR को प्रावधानहरुलाई व्यावहारिक बनाउनुपर्ने, राजनैतिक संक्रमणका कारण वित्तीय क्षेत्र अस्थिर भएकाले कठिन हुँदै गएको, वित्तीय क्षेत्रका साथै राज्यका सबै अङ्गलाई यसतर्फ डोऱ्याउन पर्ने बताउनुभएको थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका निर्देशक मुकुन्द महतले Anti-Money Laundering/ Combating Financing of Terrorism : Banks Role and Challenges विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने इकाइका उप निर्देशक श्यामकृष्ण दाहालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।